वीरेन्द्रनगर नगरपालिका

**स्थानीय राजपत्र**

खण्ड : ५ संख्या : ४ मिति : २०७९/०५/३०

भाग २

# एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९

## प्रस्तावना

एफ.एम रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, वीरेन्द्रनगर नगरकार्यपालिकाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले क्रमशः नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "शाखा" भन्नाले वीरेन्द्रनगर नगरपालिका,नगरकार्यपालिका कार्यालय अन्तरगतको प्रशासन शाखालाई सम्झनुपर्छ।

(ज) "वडा समिति" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको वडा समिति सम्झनु पर्छ।

